# संयुक्त प्रेस वक्तव्यमा

National Human Rights Commission | National Dalit Commission | National Women Commission | International Labour Organization | UNITED NATIONS HUMAN RIGHTS OFFICE OF THE HIGH COMMISSIONER Nepal

## नेपालमा हलिया प्रथा अन्त्य गर – राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र संयुक्त राष्ट्रसङ्घ

भदौ २०, २०६८

काठमाडौं, "नेपाल सरकार र राष्ट्रिय हलिया मुक्ति समाज महासङ्घबीच वि.सं. २०६५ भदौमा भएको सम्झौताले हलियाहरू मुक्त भएको औपचारिक रूपमा घोषणा गरे तापनि मूर्त परिणाम हासिल हुन अझै बाँकी छ। मस्यौदा हलिया निषेध विधेयक पारित भएको छैन र सरकारले सम्झौताअनुरूप उच्चस्तरीय हलिया मुक्ति तथा पुनर्स्थापना आयोग गठन गर्न र नेपालमा हलियासम्बन्धी सर्वेक्षणको परिणाम सार्वजनिक गर्न बाँकी नै छ", राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र दुईवटा संयुक्त राष्ट्रसङ्घीय नियोग, अन्तर्राष्ट्रिय श्रम सङ्गठन र नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयद्वारा आज सार्वजनिक गरिएको प्रेस वक्तव्यमा भनिएको छ।

"सम्झौतामा हस्ताक्षर भएको तीन वर्षपछि, मुक्त हलियाहरूले वाचा गरिएको उद्धार तथा पुनर्स्थापना पाउन बाँकी नै छ र उनीहरूलाई परिचयपत्र अझै जारी गरिएको छैन। परिणामस्वरूप, मुक्त हलियालहरूले खाना, वासस्थान तथा स्वास्थ्य सेवालगायतका आधारभूत आवश्यकतामा पहुँच पाउन अझै पनि कठिनाइको सामना गर्नुपरेको छ र यसरी उनीहरू प्राय दयनीय अवस्थामा बस्न बाध्य छन्। यसले महिला र बालबालिकालगायत हलियाका परिवारमा विशेष प्रभाव पारेको छ। सम्झौतामा वाचा गरिएजस्तो वैकल्पिक जीविकोपार्जनको अभावले पनि धेरै हलियाहरूलाई आफ्ना पूर्व जमिन्दारकहाँ बँधुवा श्रमिकका रूपमा काम जारी राख्न विवश तुल्याएको छ", प्रेस वक्तव्यमा अगाडि भनिएको छ।

वि.सं. २०६८ भदौ २१ गते (२०११ सेप्टेम्बर ७) को तेस्रो हलिया मुक्ति दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, अन्तर्राष्ट्रिय श्रम सङ्गठन तथा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालय वि.सं. २०६५ को सम्झौताको प्रभावकारी तथा सामयिक कार्यान्वयनका लागि आग्रह गर्दछन्। यसभित्र अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको हलिया ऐन जारी गर्ने तथा विस्तृत र दिगो ढङ्गबाट हलिया पुनर्स्थापनालाई सम्बोधन गर्नुपर्ने आवश्यकता पर्दछन्। ती सङ्गठनहरू राष्ट्रिय मानवअधिकार आयोगले हलिया प्रथाको मुद्दाबारे गरेका कैयौं सिफारिसहरू अझै कार्यान्वयन नभएको कुरा पनि सरकारलाई स्मरण गराउन चाहन्छन्।